संवत २०८२ सालको ऐन संख्या-१

# सिरीजङ्घा गाउँपालिकाको आर्थिक ऐन, २०८२

सिरीजङ्घा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ

नेपाल

# सिरीजङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** सिरीजङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सिरीजङ्गा गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिबाट मस्यौदा प्रस्ताव भई सिरीजङ्गा गाउँ कार्यपालिका मार्फत नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिरीजङ्गा गाउँपालिकाको १७ औ गाउँ सभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सिरीजङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन सिरीजङ्गा गाउँपालिकाको १७ औं गाउँ सभाको वर्षे अधिवेशनबाट स्वीकृत भए पश्चात् २०८२ साउन १ गते देखी सिरीजङ्गा गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **घरधुरी करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम घरधुरी कर (अभिलेखिकरण) लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर तथा वहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ तथा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण वा रेखदेख वा सञ्चालन गरेका अनुसूची-३ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवाः** गाउँपालिका क्षेत्रभित्रका विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवामा अनुसूची-७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **दहत्तर बहत्तर शुल्कः** गाउँपालिका क्षेत्रभित्र हुने ढुँगा गिट्टी वालुवा प्रयोगमा अनुसूची-९ बमोजिम दहत्तर बहत्तर शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. **सेवा, शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची-१० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको र अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार दर्ता, सिफारिस, शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१२. **हाट बजार कर:** गाउँपालिका क्षेत्रभित्र हुने हाट बजारमा अनुसूची-११ बमोजिमको हाटवजार कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **व्याक-हो लोडर भाडा दस्तुर:** गाउँपालिकाबाट सञ्चालन भएको व्याक हो लोडरको भाडा दर अनुसुची-१२ बमोजिमको भाडा वा दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

१४. **एम्बुलेन्स भाडादर :** गाउँपालिकाबाट सञ्चालन भएको एम्बुलेन्स सेवाको भाडा दर अनुसुची-१३ बमोजिमको दस्तुर लगाईने र असुल उपर गरिनेछ । सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्रका बाढी/पहिरो, चटयाङ जस्ता प्राकृतिक प्रकोपबाट घाइते स्थानीयबासी, ७० वर्ष भन्दा माथीका जेष्ठ नागरिक, गर्भवती महिला, "क" वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, सहिद तथा वेपत्ता पारिएका व्यक्तिको एकासगोलका परिवारलाई प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य संस्थाबाट रेफर भएको खण्डमा सम्वन्धित विरामीलाई तोकिएको भाडादरमा एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गरिनेछ।

१५. **अस्पताल र स्वास्थ्य सेवा शुल्क :** गाउँपालिका क्षेत्र भित्रको प्राथमिक स्वास्थ्य केन्द्र र ल्याव सेवा सञ्चालन भएका स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवामा अनुसुची-१४ बमोजिमको दस्तुर तथा शुल्क लगाईने र असुल उपर गरिनेछ । सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्रका ७० वर्ष भन्दा माथीका जेष्ठ नागरिकलाई ३ पटक सम्म निःशुल्क सेवा प्रदान गरिने सो भन्दा माथी सेवा लिएमा तोकिएको शुल्क लाग्नेछ ।

१६. **दण्ड, जरिवाना तथा सजाय र पुरस्कार:** तोकिएका कर, दस्तुर, सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा तथा अन्य स्थानीय तहका नियमहरु. पालना नगरेमा अनुसूची-१५ बमोजिम दण्ड जरिवाना तथा सजाय लगाइने र असुल उपर गरिनेछ । उपरोक्त बमोजिम दण्ड जरिवाना तथा सजाय असुलीमा सहयोग गर्ने सरोकारवाला पक्षलाई गाउँ सभा अधिवेशनको निर्णय बमोजिम पुरस्कार समेत प्रदान गर्न सकिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१७. **<u>कर छुटः</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यो ऐनमा भएका व्यवस्था वाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन । तर, गाउँ सभा अधिवेशनको निर्णयले कर छुट दिने भनी उल्लेख गरेकोमा सोही बमोजिम हुनेछ ।

१८. **<u>राजस्व संकलन सम्बन्धी प्रमुख दायित्वः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट असुल गरिने राजस्वका हकमा राजस्व हेर्ने शाखा प्रमुख तथा शाखाका कर्मचारी र वडा कार्यालयबाट असुल गरिने राजस्वका हकमा सम्बन्धित वडाका वडा अध्यक्ष र वडा सचिवको राजस्व संकलन सम्बन्धी प्रमुख दायित्व हुनेछ ।

१९. **<u>कार्यविधि बमोजिम हुनेः</u>** यो ऐनमा भएका प्रावधान कार्यान्वयन गर्नको लागि गाउँ कार्यपालिकाले कार्यविधि स्वीकृत गरि लागु गर्न सक्नेछ ।

<u>अनुसूची-१</u>

## घरधुरी कर (अभिलेखिकरण)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा घरधुरी कर (अभिलेखिकरण) लगाउनु पर्ने भएकोमा गाउँपालिका क्षेत्रभित्रका फुसका घरको मुल्य ह्रास कट्टी गर्न तत्काल सम्भव हुने नदेखिएकाले आगामी दिनमा उक्त विषयलाई सम्बोधन गर्ने गरी हाललाई प्रत्येक घरमा देहाय बमोजिमको घरधुरी कर (अभिलेखिकरण) लिइनेछ ।

| क्र.सं. | घरको वनोट | घरधुरी कर रु. | कैफियत |
|---|---|---|---|
| १ | फुसको घर | ५०/०० | |
| २ | जस्तापाताले छाएको घर | १५०/०० | |
| ३ | पक्की घर एकतले | ३५०/०० | |
| ४ | पक्की घर दुइ तला वा सो भन्दा माथि | ५००/०० | |

## अनुसूची-२

## भूमि कर (मालपोत कर)

(गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्तिहरुले आफ्नो जग्गाको भूमि कर तिर्नुपर्ने शुल्क)

| क्र.सं. | जग्गाको वर्गीकरण | भूमि कर दर रु. | कैफियत |
|---|---|---|---|
| १ | आवाशिय क्षेत्र | १५ | प्रति रोपनी |
| २ | वन क्षेत्र | ५ | प्रति रोपनी |
| ३ | कृषि क्षेत्र | ५ | प्रति रोपनी |
| ४ | औद्योगिक क्षेत्र | २० | प्रति रोपनी |
| ५ | व्यावसायिक क्षेत्र | २५ | प्रति रोपनी |
| ६ | खानी तथा खनिज क्षेत्र | ५० | प्रति रोपनी |
| ७ | नदि खोला ताल सिमसार क्षेत्र | ८ | प्रति रोपनी |
| ८ | सार्वजनिक उपयोग क्षेत्र | ५ | प्रति रोपनी |
| ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | ५ | प्रति रोपनी |
| १० | नेपाल सरकारवाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र | तोकिए बमोजिम | प्रति रोपनी |
| ११ | गाउँपालिका क्षेत्रभित्र सडक विस्तारका लागि निशुल्क जग्गा दिएका व्यक्तिहरुको जग्गा नेपाल सरकारको स्वामित्वमा नआउञ्जेलसम्म सडकले चर्चेको क्षेत्रभित्रको जग्गामा भूमिकर (मालपोत) मिनाहा गरिएको छ । | | प्रति रोपनी |
| **नोटः** धनीपुर्जामा अलैंचीबारी उल्लेख गरेको भए कृषि क्षेत्र मानी सोही बमोजिम कर संकलन गरिनेछ/ | | | |

# <u>अनुसूची-३</u>

## घर जग्गा वहाल वा वहाल विटौरी कर

| क्र.सं. | घर जग्गा बहाल कर | घरजग्गा वहाल कर रु. | कैफियत |
|---|---|---|---|
| १ | कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा सम्झौता रकमको दश प्रतिशत रकम | सम्झौता रकमको दश प्रतिशत रकम | |
| २ | गाउँपालिकाले निर्माण गरेको टहराका लागि भाडा गाउँ कार्यपालिकाले तोकी सोही रकमको दश प्रतिशत रकम बहाल कर लिइनेछ । | सम्झौता रकमको दश प्रतिशत रकम | |
| ३. | भलिबल म्याट वा फ्लोर म्याट भाडा (गाउँपालिका बाहिर) दैनिक | ५,०००।- | |
| ४. | भलिबल म्याट वा फ्लोर म्याट भाडा (गाउँपालिका भित्रका) दैनिक | २,०००।- | |
| ५. | गाउँ कार्यपालिकाको कार्यालयको हाता भित्र रहेको क्यान्टिन वहाल प्रति महिना | ९,०००।- | |
| ६. | सिरीजङ्घा मल्टिकबर्डहल भाडा प्रति महिना | २,५००।- | |
| ७. | गाउँपालिकाको सभाहलको भाडा प्रतिदिन (विधुत र साउण्ड सिष्टम सहित) | ३०००/०० | |
| ८. | सरसफाई शुल्क (हल प्रयोगकर्ताले आफै गरेमा शुल्क छुट हुनेछ) | ५००/०० | |
| ९. | वडा कार्यालयको सभाहलको भाडा प्रतिदिन | १०००/०० | |

## अनुसूची-४
### व्यवसाय कर

| क्र.सं. | व्यवसायको प्रकृति | कर दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मदिरा पसल थोक | १३००/०० | |
| २ | मदिरा पसल खुद्रा | ६००/०० | |
| ३ | सुर्तीजन्य पसल थोक | १२००/०० | |
| ४ | सुर्तीजन्य पसल खुद्रा | ५००/०० | |
| ५ | हल्का पेय पदार्थ थोक | ५००/०० | |
| ६ | हल्का पेय पदार्थ खुद्रा | ३००/०० | |
| ७ | सुनचाँदी पसल | ५००/०० | |
| ८ | औषधि पसल | ५००/०० | |
| ९ | माछा मासु विक्री पसल | ५००/०० | |
| १० | एग्रोभेट र भेटेरिनरीको औषधि पसल | ५००/०० | |
| ११ | स्टेशनरी पसल | ५००/०० | |
| १२ | कस्मेटिक पसल | ५००/०० | |
| १३ | मोटर पार्टस पसल | १५००/०० | |
| १४ | सवारीसाधन मर्मत सेण्टर | ५००/०० | |
| १५ | कपडा, फेन्सी, जुत्ता चप्पल, व्याग पसल | १०००/०० | |
| १६ | इलेक्ट्रोनिक्स पसल | ५००/०० | |
| १७ | हार्डवेयर पसल | २०००/०० | |
| १८ | फर्निचर पसल | १०००/०० | |
| १९ | टेलिरङ पसल | ५००/०० | |
| २० | किरानाजन्य सामान मात्र विक्री गर्ने किराना पसल | ५००/०० | |
| २१ | चियानास्ता मात्रको पसल सामान्य | ५००/०० | |
| २२ | होटल खाने बस्ने सुविधा सहितको | ५००/०० | |
| २३ | तरकारी पसल | २००/०० | |
| २४ | भाँडा पसल | ५००/०० | |
| २५ | खोटो व्यवसायी | ५००/०० | |
| २६ | फर्निचर उद्योग | १०००/०० | |
| २७ | डेरी उद्योग | ५००/०० | |
| २८ | कुटानीपिसानी मिल | ५००/०० | |
| २९ | फोटो स्टुडियो | ५००/०० | |

| | | | |
|---|---|---|---|
| ३० | क र ख वर्गको वाणिज्य तथा विकास बैंक शाखा कार्यालय | ६०००/०० | |
| ३१ | फाइनान्स कम्पनी | ५५००/०० | |
| ३२ | घ वर्गको लघुवित्त संस्था (गाउँपालिका क्षेत्र भित्र कार्यालय स्थापना नभएपनि आर्थिक कारोवार सञ्चालन गर्ने संस्थाले अनिवार्य राजश्व तिर्नु पर्नेछ) | ५०००/०० | |
| ३३ | मनी ट्रान्सफर | २५००/०० | |
| ३४ | क्लिनिक तथा ल्याब | २०००/०० | |
| ३५ | निजी शिक्षण संस्था | ५०००/०० | |
| ३६ | चस्मा पसल | ५००/०० | |
| ३७ | सैलुन पसल | ५००/०० | |
| ३८ | गैर सरकारी संस्था तथा सहकारी संस्था | २०००/०० | उपभोक्ता समिति समेत |
| ३९ | उद्यान समुह वा जडिवुटि उद्योग वा अलैंची वा गोलिया सम्बन्धित उद्योग | ३०००/०० | |
| ४० | होम स्टे (व्यक्तिगत) व्यवसाय दर्ता शुल्क | १०००/०० | |
| ४१ | होम स्टे (सामुदायिक) व्यवसाय दर्ता शुल्क | ५०००/०० | |
| ४२ | होम स्टे व्यवसाय नविकरण शुल्क | ५००/०० | |
| ४३ | माथी उल्लेख नभएका सवै प्रकारका साना घरेलु उद्योग | ५००/०० | |
| ४४ | व्यवसाय दर्ता तथा नविकरण दस्तुर चालु पूँजी तथा स्थिर पूजीको आधारमा वर्गिकरण देहाय बमोजिम हुने | दर्ता शुल्क | नविकरण शुल्क |
| ४५ | ५ लाख सम्मको | ५००/०० | ३००/०० |
| ४६ | ५ लाख भन्दा माथी १० लाख सम्मको | १०००/०० | ५००/०० |
| ४७ | १० लाख भन्दा माथी १५ लाख सम्मको | १५००/०० | ७५०/०० |
| ४८ | १५ लाख भन्दा माथी | २०००/०० | १०००/०० |
| ४९ | घ वर्गको निर्माण इजाजत पत्र | १५०००/०० | ५०००/०० |
| ५० | अम्लिसो निकासी कर | १ | |
| ५१ | अलैंची प्रति के.जी. | ५ | |
| ५२ | चिराईतो प्रति के.जी. | ५ | |
| ५३ | कुट्की प्रति के.जी. | १०० | |
| ५४ | सतुवा प्रति के.जी. | १५ | |
| ५५ | मजिटो प्रति के.जी. | २ | |
| ५६ | विख्मा प्रति के.जी. | १०० | |

| | | | |
|---|---|---|---|
| ५७ | पाखनवेद प्रति के.जी. | ५ | |
| ५८ | बुढो ओखती प्रति के.जी. | ५० | |
| ५९ | अन्य जडिबुटी प्रति के.जी. | २ | |
| ६० | नोट : गाउँपालिका क्षेत्र भित्र व्यवसाय गर्ने व्यवसायीले दुई वा दुई भन्दा बढी प्रकारका फरक फरक सामाग्रीहरुको व्यवसाय गरेमा | कुनै दुई प्रकारको फरक व्यवसायको अधिकतम राजश्व शुल्क हिसाव गरेर लिईनेछ | |
| ६१ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । | न्युनतम रु ३००/०० देखि अधिकतम रु ५०००/०० सम्म | |

## अनुसूची-५

### सवारी साधन कर

प्रदेश कानून बमोजिम हुनेछ ।

## अनुसूची-६

### विज्ञापन कर

प्रदेश कानून बमोजिम हुनेछ ।

## अनुसूची-७

### विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा (वार्षिक कर)

| क्र.सं. | विवरण | कर दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चिकित्सक (स्वास्थ्य र पशु) | १०००/०० | |
| २ | कानून व्यवसायी अधिवक्ता | १०००/०० | |
| ३ | लेखापढी व्यवसायी | १०००/०० | |
| ४ | क वर्गको लेखापरीक्षक | २०००/०० | |
| ५ | ख वर्गको लेखापरीक्षक | १५००/०० | |
| ६ | ग वर्गको लेखापरीक्षक | १०००/०० | |
| ७ | घ वर्गको लेखापरीक्षक | ५००/०० | |
| ८ | क वर्गको निर्माण व्यवसाय | ६०००/०० | |
| ९ | ख वर्गको निर्माण व्यवसाय | ५०००/०० | |
| १० | ग वर्गको निर्माण व्यवसाय | ४५००/०० | |
| ११ | घ वर्गको निर्माण व्यवसाय | २०००/०० | |
| १२ | एजेन्सी मेनेजर | २५००/०० | |
| १३ | विमा अभिकर्ता (जीवन विमा) | ५००/०० | |
| १४ | विमा अभिकर्ता (निर्जीवन विमा) | ५००/०० | |
| १५ | पर्यटक गाईड | ५००/०० | |

## <u>अनुसूची-८</u>

**मनोरञ्जन कर**

प्रदेश कानून बमोजिम हुनेछ ।

## <u>अनुसूची-९</u>

**दहत्तर बहत्तर कर**

प्रदेश कानून बमोजिम हुनेछ ।

# अनुसूची -१०

## सेवा, शुल्क, दस्तुर

| क्र.सं. | विवरण | कर दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सबै प्रकारका निवेदन टिकट दस्तुर | ५/०० | गा.पा र वडा |
| २ | १० रोपनीसम्मको घरजग्गा नामसारी सिफारिस दस्तुर | ५००/०० | वडा |
| ३ | १० रोपनीदेखी माथी ३० रोपनीसम्मको घरजग्गा नामसारी सिफारिस दस्तुर | १०००/०० | वडा |
| ४ | ३० रोपनीदेखी माथिको घरजग्गा नामसारी सिफारिस दस्तुर | १५००/०० | वडा |
| ५ | १० रोपनीसम्मको मोही लगत कट्टा सिफारिस दस्तुर | ५००/०० | वडा |
| ६ | १० रोपनीदेखी माथी ३० रोपनीसम्मको मोही लगत कट्टा सिफारिस दस्तुर | १०००/०० | वडा |
| ७ | ३० रोपनीदेखी माथिको मोही लगत कट्टा सिफारिस दस्तुर | १५००/०० | वडा |
| ८ | घर कायम सिफारिस दस्तुर पक्की घर प्रति व/फि | ०/५० | वडा |
| ९ | घर कायम सिफारिस दस्तुर कच्ची घर प्रति व/फि | ०/२५ | वडा |
| १० | सवै प्रकारका सर्जमिन सिफारिस दस्तुर | १०००/०० | वडा |
| ११ | छात्रवृत्ति सिफारिस दस्तुर | ३००/०० | वडा र गा.पा. |
| १२ | सवै प्रकारका सनाखत सिफारिस दस्तुर | २००/०० | वडा |
| १३ | विपन्न, असहाय सिफारिस दस्तुर (गरिव परिचयपत्र भएकालाई १०० प्रतिशत छुट) | २००/०० | |
| १४ | सामाजिक सुरक्षा सँग सम्बन्धित सिफारिस र अपाङ्गता भएको सिफारिस दस्तुर | २००/०० | १०० प्रतिशत छुट सवैलाई |
| १५ | हातहतियार भरुवा बन्दुक नवीकरण सिफारिस | १५००/०० | गा.पा. र वडा |
| १६ | अत्याधुनिक हातहतियार बन्दुक नविकरण सिफारिस | ३०००/०० | गा.पा. र वडा |
| १७ | अस्थायी बसोबास सिफारिस दस्तुर | २००/०० | वडा |
| १८ | स्थायी बसोबास सिफारिस दस्तुर | ३००/०० | वडा |
| १९ | नागरिकता सिफारिस दस्तुर (बंशज ) | २००/०० | वडा |
| २० | नागरिकता सिफारिस दस्तुर (अंगीकृत) | ५००/०० | वडा |
| २१ | विद्युत जडान सिफारिस दस्तुर | २००/०० | वडा र गा.पा. |

| | | | |
|---|---|---|---|
| २२ | कित्ताकाट सिफारिस दस्तुर | ५००/०० | वडा |
| २३ | धारा जडान सिफारिस दस्तुर | ०/०० | वडा |
| २४ | जीवित रहेको सिफारिस | २००/०० | वडा |
| २५ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा नामथर, ठेगाना संशोधन सिफारिस | ३००/०० | वडा |
| २६ | व्यवसाय बन्द सिफारिस | ५००/०० | वडा |
| २७ | व्यवसाय वन्द दस्तुर (व्यवसाय वन्द गर्दा विगतको आर्थिक वर्षको कर वाँकी भए सो समेत जरिवाना सहित असुल गरिनेछ) | ५००/०० | |
| २८ | बहाल करको लेखाजोखा सिफारिस | २००/०० | वडा |
| २९ | मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस | ५००/०० | वडा |
| २९ | जग्गाको हक सम्बन्धी सिफारिस | २५०/०० | वडा |
| ३० | धनीपुर्जामा संशोधन सिफारिस | ५००/०० | वडा र गा.पा. |
| ३१ | धनीपुर्जा हराएको सिफारिस | ५००/०० | वडा |
| ३२ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ५००/०० | वडा |
| ३३ | व्यापार व्यवसाय नै नभएको सिफारिस | ५००/०० | वडा |
| ३४ | कोर्ट फि मिनाहा सिफारिस | ५००/०० | वडा |
| ३५ | नाबालक परिचयपत्र सिफारिस | ०/०० | वडा |
| ३६ | चौपाया सम्बन्धी सिफारिस (प्रति गोटा भेडा, बाख्रा, बंगुर (गा.पा.) | ५०/०० | |
| ३७ | चौपाया सम्बन्धी सिफारिस (प्रति गोटा गाई,गोरु, रागाँ भैसी, याक, चौरी लगायत ठूला जनावरहरु (गा.पा.) | १००/०० | |
| ३८ | व्यवसाय दर्ता/नविकरण सिफारिस | २००/०० | वडा |
| ३९ | उद्योग ठाउँसारी सिफारिस | १०००/०० | वडा |
| ४० | आन्तरिक बसाँइसराइ सिफारिस | २००/०० | वडा |
| ४१ | व्यक्तिगत विवरण सिफारिस | ३००/०० | वडा |
| ४२ | जग्गा दर्ता सिफारिस | १०००/०० | वडा |
| ४३ | संरक्षक सिफारिस व्यक्तिगत | २००/०० | वडा |
| ४४ | संरक्षक सिफारिस संस्थागत | ५००/०० | वडा |
| ४५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २००/०० | वडा |
| ४६ | कोठा खोल्न रोहबरमा बस्ने सिफारिस | ३००/०० | वडा |
| ४७ | स्वास्थ्य उपचार सिफारिस (१०० प्रतिशत छुट | २००/०० | (वडा) |
| ४८ | गैर सरकारी संस्था दर्ता सिफारिस (जिल्ला) | २०००/०० | गा.पा. |

| | | | |
|---|---|---|---|
| | संस्था दर्ता/ नविकरण सिफारिस (वडाबाट गा,पा.मा पठाउदा टोल विकास संस्थालाई १०० प्रतिशत छुट | २०० | |
| ४९ | मृतक तथा जीवितसँगको नाता प्रमाणित दस्तुर | ३००/०० | वडा |
| ५० | आर्थिक अवस्था सम्पन्नता वा वार्षिक आम्दानी सिफारिस २० लाख सम्मको | १००० | वडा/ गा.पा. |
| ५१ | आर्थिक अवस्था सम्पन्नता वा वार्षिक आम्दानी सिफारिस २० लाख देखी ३० लाख सम्मको | २००० | |
| ५२ | आर्थिक अवस्था सम्पन्नता वा वार्षिक आम्दानी सिफारिस ३० देखी ४० लाख सम्मको | ३००० | |
| ५३ | आर्थिक अवस्था सम्पन्नता वा वार्षिक आम्दानी सिफारिस ४० लाख भन्दा माथी | ५००० | |
| ५४ | आर्थिक अवस्था विपन्नता सिफारिस | २००/०० | निशुल्क |
| ५५ | जग्गा मुल्याङ्कन सिफारिस (दश लाखसम्मको) | ५००/०० | वडा |
| ५६ | जग्गा मुल्याङ्कन सिफारिस (दश लाख माथिको) | १०००/०० | वडा |
| ५७ | पेन्सन नामसारी सिफारिस (नेपाली) | ५००/०० | वडा |
| ५८ | पेन्सन नामसारी सिफारिस (इन्डिया) | १५००/०० | वडा |
| ५९ | पेन्सन नामसारी सिफारिस (ब्रिटिस) | २५००/०० | वडा |
| ६० | पेन्सनको पारिवारिक विवरण नामसारी सिफारिस | ५००/०० | वडा |
| ६१ | रहल पेन्सन जीवित सिफारिस | २००/०० | वडा |
| ६२ | चारकिल्ला प्रमाणित सिफारिस (१० रोपनीसम्म) | ५००/०० | वडा |
| ६३ | चारकिल्ला प्रमाणित सिफारिस (१० देखी १५ रोपनीसम्म) | ७५०/०० | वडा |
| ६४ | चारकिल्ला प्रमाणित सिफारिस (१५ देखी २० रोपनीसम्म) | १०००/०० | वडा |
| ६५ | चारकिल्ला प्रमाणित सिफारिस (२० रोपनीभन्दा माथि) | १५००/०० | वडा |
| ६६ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | ३००/०० | वडा |
| ६७ | संरक्षक प्रमाणित | २००/०० | वडा |
| ६८ | विवाह प्रमाणित | ३००/०० | वडा |
| ६९ | घर पाताल प्रमाणित | २००/०० | वडा |
| ७० | कागज वा मञ्जुरीनामा प्रमाणित | ३००/०० | वडा |
| ७१ | हकवाला प्रमाणित | ३००/०० | वडा |
| ७२ | लेनदेन तमसुक प्रमाणित दस्तुर (रु.१ लाख सम्म) | ५००/०० | वडा |

| | | | |
|---|---|---|---|
| ७३ | लेनदेन तमसुक प्रमाणित दस्तुर (रु.५ लाख सम्म) | १०००/०० | |
| ७४ | लेनदेन तमसुक प्रमाणित दस्तुर (रु.१० लाख सम्म) | १५००/०० | |
| ७५ | लेनदेन तमसुक प्रमाणित दस्तुर (रु.२५ लाख सम्म) | २०००/० | |
| ७६ | लेनदेन तमसुक प्रमाणित दस्तुर (रु.२५ लाख भन्दा माथि जतिसुकै रुपैयाँ भएपनि) | ३०००/०० | |
| ७७ | घर सम्पन्न सिफारिस वा प्रमाणित | ५००/०० | वडा |
| ७८ | अविवाहित प्रमाणित | ३००/०० | वडा |
| ७९ | अपुताली सिफारिस | ५००/०० | वडा |
| ८० | समावेशी समुहमा पर्ने सिफारिस | ३००/०० | वडा |
| ८१ | माथि उल्लिखित बाहेकका अन्य सिफारिस (वडा टोल विकास संस्थालाई १०० प्रतिशत छुट) | ३००/०० | |
| ८२ | कार्यालयसँग सम्बन्धित सरकारी कागजपत्रहरुको प्रतिलिपी दस्तुर प्रति पाना | १०/०० | वडा र गा.पा. |
| ८३ | ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गर्न आएमा | २००/०० | निःशुल्क |
| ८४ | ३५ दिन भन्दा पछाडी व्यक्तिगत घटना दर्ता गर्न आएमा विलम्ब शुल्क | २००/०० | |
| ८५ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यू, विवाह, वसाँईसराई,सम्वन्ध विच्छेद) प्रतिलिपी दस्तुर | ५००/०० | संघीय कानुन बमोजिम |
| ८६ | गैरसरकारी संस्था दर्ता र नविकरण शुल्क (टोल विकास संस्थालाई १०० प्रतिशत छुट) | २०००/०० | |
| ८७ | संस्था/ प्रतिष्ठान नविकरण सिफारिस दस्तुर | २०००/०० | गा.पा. |
| ८८ | निजी जमिनमा लगाइएको रुख कटान सिफारिस दस्तुर (प्रति गोटा)<br>(वन तथा वातावरण संरक्षण गर्ने उद्देश्यले यो सिफारिस दस्तुर लगाइएको र यस कार्यमा समुदायको परिचालन गर्ने व्यवस्था गरिएको छ / साथै सिफारिस लिएको आ.व. मा सम्पूर्ण रुख कटान नभई कटान गर्न बाकी रहेमा बाकी रहेको रुखको सिफारिस नविकरण गर्नु परेमा १५ प्रतिशत नविकरण शुल्क लाग्नेछ / ) | ४००/०० | |
| ८९ | गाउँपालिकाले निर्माण गरेका गाउँपालिका क्षेत्रभित्रका सडकमा गुड्ने निजी तथा भाडाका साना, मझौला तथा ठूला सवारीसाधन (मोटरसाइकल बाहेक) लाई पुर्वाधार उपयोग शुल्क | साना तथा मझौला सवारीसाधनलाई दैनिक रु. ३०/०० तथा ठूला | अग्रीम रुपमा वार्षिक एकमुष्ट रकम बुझाएमा मझौला सवारीसाधनलाई रु. ४५००/०० र ठूला सवारीसाधनलाई रु. |

| | | | |
|---|---|---|---|
| | | सवारीसाधनलाई दैनिक रु. ५०/०० लिइनेछ/ | १००००/०० राजस्व लिइनेछ । |
| ९० | सप्लायर्स, कन्सल्टेन्सी तथा फर्म र गैर सरकारी संस्था सुची दर्ता शुल्क | ५००/०० | |
| ९१ | शिक्षक तथा कर्मचारी सरुवा सहमती सिफारिस दस्तुर | १०००/०० | |
| ९२ | महिलाको नाममा व्यवसाय दर्ता गर्न आएमा व्यवसाय दर्ता गर्न लाग्ने शुल्क | दर्ता/नविकरण शुल्कमा ५० प्रतिशत छुट गरिएको छ/ | |
| ९३ | समूहहरुको दर्ता र नविकरण शुल्क | ५००/०० | महिलाद्धारा सञ्चालित समुहलाई १०० प्रतिशत छुट |
| ९४ | अपाङ्गता भएका व्यक्तिहरुको व्यवसाय दर्ता तथा नविकरण शुल्क | ५००/०० | १०० प्रतिशत छुट |
| ९५ | फम, व्यापार, व्यवसाय नामसारी दस्तुर | १०००/०० | वडा |
| ९६ | गाउँपालिका क्षेत्र भित्र निर्माण हुने नयाँ भवनको घर नक्सा पास दस्तुर | ५/ प्रति वर्ग फिट | गा.पा. |
| ९७ | गाउँपालिका क्षेत्र भित्र निर्माण भइसकेका भवनहरुको अभिलेखिकरण दस्तुर | ३/ प्रति वर्ग फिट | गा.पा. |
| ९८ | कवाडी निकासी कर | प्रति १०० के.जी. रु ५०/- | गा.पा./वडा |
| ९९ | खाध्यान्न तथा निर्माण सामाग्री रिटेलिङ विक्री गर्ने गाडीलाई बार्षिक दस्तुर | १०००/- | गा.पा./वडा |
| १०० | जन्म, विवाह, मृत्यु, सम्पत्ती र ठेगानालाई अंग्रेजी वा अन्य वैदेशिक भाषामा प्रमाणित दस्तुर | ५००/- | वडा |
| १०१ | जन्म, विवाह, मृत्यु, अन्य व्यक्तिगत घटना प्रमाणित दस्तुर | ३००/०० | |
| १०२ | सिरक दसना बनाउने व्यवसायीलाई व्यवसाय कर (नेपाली नागरिक) | ५००/० | गा.पा./वडा |
| १०३ | सिरक दसना बनाउने व्यवसायीलाई व्यवसाय कर (बिदेशी नागरिक) | १०००/- | गा.पा./वडा |

| | | | |
|---|---|---|---|
| १०४ | पञ्जिकाधिकारीबाट बैदेशिक प्रयोजनको लागि Consular कागजात प्रमाणित दस्तुर | प्रतिपाना रु ५००/- | |
| १०५ | माटो परिक्षण शुल्क (सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रका किसानको लागि नि:शुल्क) | १००/- | |
| १०६ | निजि शिक्षण संस्था दर्ता नविकरण दस्तुर | १५,००/- | |
| १०७ | यस अनुसूचीमा नपरेकाको हकमा गाउँ कार्यपालिकाको निर्णयले शुल्क दस्तुर तोक्नेछ । | निर्णयानुसार | |
| १०८ | पर्यटन/ सरसफाई/स्वास्थ्य सेवा शुल्क/दस्तुर (नेपाली) | ५०/०० | |
| १०९ | पर्यटन/ सरसफाई/स्वास्थ्य सेवा शुल्क/दस्तुर (सार्क मूलुक) | ५००/०० | |
| ११० | पर्यटन/ सरसफाई/स्वास्थ्य सेवा शुल्क/दस्तुर (विदेशी नागरिक) | २०००/०० | |
| १११ | गोलिया निकासी कर प्रति ट्रक | ५००/०० | |
| ११२ | कृतिम गर्भाधान पशु प्रति गोटा | १००/०० | |
| ११३ | पशु बन्ध्याकरण (बोका, भेडा, सुँगुर) प्रति गोटा | २५/०० | |
| ११४ | पशु बन्ध्याकरण (गोरु,राँगा, चौरी, घोडा) प्रति गोटा | ५०/०० | |
| ११५ | कक्षा थप सिफारिस दस्तुर | १०००/०० | |
| ११६ | विद्यार्थीको लव्धांक पत्र हराएको १ वर्ष पछि प्रतिलिपी लिन आएमा | ५०/०० | एक वर्ष भित्रको निशुल्क |
| ११७ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | ५००/०० | |
| ११८ | उजूरी दस्तुर | १००/०० | |
| ११९ | न्यायिक समिति फैसला प्रतिलिपी | ५०/०० | |
| १२० | मेलमिलाप दस्तुर | ३००/०० | |

## अनुसूची -११

## हाटबजार कर

सानासाना प्रकृतिका कृषि उपजहरु स्थानीयस्तरमै विक्री वितरण गर्ने उद्धेश्यले गाउँपालिका क्षेत्रभित्र एकाध स्थानमा कृषि हाटबजार लागिरहेकोमा कृषि उत्पादनलाई प्रवर्द्धन गर्न तत्काललाई हाटबजार कर संकलन नगरिने र भविष्यमा स्थायी तवरले हाटबजार लाग्ने व्यवस्था भएमा गाउँ कार्यपालिकाले हाटबजार करको दर तोकी सोही बमोजिम कर संकलन गरिनेछ ।

## अनुसुची -१२

(गाउँपालिकाले समितिको निर्णयानुसार वा अन्य निकायहरुले व्याक-हो लोडर प्रयोग गरे वापतको भाडादर देहाय बमोजिम बहाल लगाउनेछ)

**निम्नः**

| क्र.स. | विवरण | शुल्क रु. |
|---|---|---|
| १. | व्याकहो लोडर भाडा- बकेट मात्र कर बाहेक प्रति घण्टा ईन्धन)सहित( | ३५०० |
| २. | ब्याकहो लोडर- ब्रेकर सहित भाडा कर बाहेक प्रति घण्टा (ईन्धन सहित) | ४००० |
| ३. | व्याकहो लोडर भाडा कर- बकेट मात्र बाहेक प्रति घण्टा (ईन्धन बाहेक) | २००० |
| ४. | व्याकहो लोडर- ब्रेकर सहित भाडा कर बाहेक प्रति घण्टा (ईन्धन बाहेक) | २२०० |
| ५. | हेभी सवारी चालक अन्य भत्ता प्रति घण्टा (करसहित) | १५० |

## अनुसुची -१३

गाउँपालिका) क्षेत्र भित्र वा सो भन्दा वाहिरको विरामीले एम्बुलेन्स प्रयोग गरे वापतको भाडादर देहाय बमोजिम कायम गरिएको छ ।

**<u>निम्नः</u>**

| क्रस.ं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | तेल्लोक देखि सिर्कैचा | ३००० | |
| २. | तेल्लोक देखि ओरक्पा | ३५०० | |
| ३. | तेल्लोक देखि पेदाङ | २५०० | |
| ४. | तेल्लोक देखि याङपाङ | ३५०० | |
| ५. | तेल्लोक देखि आम्वेगुदिन लासासम्म | २५०० | |
| ६. | तेल्लोक देखि खाम्दिम्बे मुख्य सडक | २००० | |
| ७ | तेल्लोक देखि सिनाम | ३५०० | |
| ८ | तेल्लोक देखि मामांखे | ५००० | |
| ९ | तेल्लोक देखि खेवाङ | ७००० | |
| १० | तेल्लोक देखि याम्फुदिन | १०००० | |
| ११ | तेल्लोक देखि फुन्द्रुवा | २००० | |
| १२ | तेल्लोक देखि खेसेवा- सिन्चेपु भन्ज्याङ | १५०० | |
| १३ | तेल्लोक देखि जोरपुल | १००० | |
| १४ | तेल्लोक देखि फुङलिङ/ फिदिम | १०००० | |
| १५ | तेल्लोक देखि विर्तामोड | १८००० | |
| १६ | तेल्लोक देखि धरान (करिडोरको बाटो) | १७००० | |
| १७ | तेल्लोक देखि बिराटनगर (करिडोरको बाटो) | २०००० | |
| १८ | तेल्लोक देखि धरान/ विराटनगर (बिर्तामोडको बाटो) | २३५०० | |

**अनुसूचि-१४**

(दफा १५ सँग सम्बन्धित)

अस्पताल र स्वास्थ्य सेवा शुल्क

| क्र.सं. | ल्याव टेष्ट | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | ओ.पि.डि. सेवा प्रथम पटक (कार्ड उपलब्ध गर्ने) | निशुल्क | |
| २ | OTC Service | निशुल्क | |
| ३ | WHO IPD Service | निशुल्क | |
| ४ | DISPENSARY SERVICE निशुल्क औषधी वितरण | निशुल्क | |
| ५ | Anti Rabies Vaccine Service (ARV) | निशुल्क | |
| ६ | Family Planning Service परिवार नियोजन साधन | निशुल्क | |
| ७ | मुटरोग, मिर्गौला, क्यान्सर जस्ता जटिल रोगको सिफारिस | नि:शुल्क | |
| ८ | सुरक्षित गर्भपतन सेवा | निशुल्क | |
| ९ | DOTS Clinic Service | निशुल्क | |
| १० | नेबुलाईजेशन (वाफ दिने) | निशुल्क | |
| ११ | अक्सिजन | निशुल्क | |
| १२ | HIV Kit Test | नि:शुल्क | |
| १३ | SPUTUM AFB (खकार जाँच), | नि:शुल्क | |
| १४ | MALARIA Kit Test | नि:शुल्क | |
| १५ | MANTOUX TEST टिबी जाँच | निशुल्क | |
| १६ | MCH/LABOUR CHARGE | नि:शुल्क | |
| १७ | Pharmacy Service (Paid) | बिल अनुसार | |
| १८ | ओ.पि.डि. सेवा (कार्ड हराएमा) | २०/०० | |
| १९ | ईमर्जेन्सी सेवा शुल्क | १५०/०० | |
| २० | ई.सि.जि. | २००/०० | |
| २१ | Postmortem सेवा | ४,०००/०० | |
| २२ | निरोगिताको प्रमाण पत्र | २००/०० | |
| २३ | भिडियो एक्सरे Video X-Ray | ५००/०० | |
| २४ | घाउ सिलाको ३ स्टिच भन्दा ठूलो | १००/०० | |
| २५ | घाउ सिलाको ३ स्टिच भन्दा सानो | ५०/०० | |
| २६ | Dressing | २०/०० | |
| २७ | Incision and Drinage (ठुलो घाउ सफा गर्ने) | ५०/०० | |
| २८ | Posterior Slab (आंशिक प्लाष्टर) | १००/०० | |
| २९ | Full Cast (पुरा प्लाष्टर) | २००/०० | |
| ३० | Paracentesis (पेट बाट पानी निकालेको) | ३००/०० | |

| | | | |
|---|---|---|---|
| ३१ | दाँत निकालेको | ५०/०० | |
| ३२ | Foreign Body Extraction बाहिरी खिल चोके निकालेको | १००/०० | |
| ३३ | Corn Extraction गिर्खा झिकेको | १००/०० | |
| ३४ | X-Ray Large Film | ४००/०० | |
| ३५ | X-Ray Small Film | ३००/०० | |
| ३६ | घाउँ जाँच केस फाराम | ५००/०० | |
| ३७ | Medical Test कसुर जाँच (पुरै जाँचको रकम मेडिकल अधिकृतलाई उपलब्ध हुने) | ५००/०० | |
| ३८ | HB | ५०/०० | |
| ३९ | TC | ५०/०० | |
| ४० | DC | ५०/०० | |
| ४१ | RBC | ५०/०० | |
| ४२ | PLATELETS | ५०/०० | |
| ४३ | ESR | ५०/०० | |
| ४४ | CBC | ३५०/०० | |
| ४५ | PCV | ५०/०० | |
| ४६ | PBSCOMMENTS | २००/०० | |
| ४७ | Serum BILIRUBIN T/D | २००/०० | |
| ४८ | URINE RE/ME | १००/०० | |
| ४९ | STOOL RE/ME | १००/०० | |
| ५० | Blood Grouping | ५०/०० | |
| ५१ | BT/CT | १००/०० | |
| ५२ | RBS | १००/०० | |
| ५३ | FBS/PP Sugar | १००/०० | |
| ५४ | HbAIC तीन महिने सुगर जाँच | ५५०/०० | |
| ५५ | URIC ACID | १५०/०० | |
| ५६ | UREA | १५०/०० | |
| ५७ | CREATININE | १५०/०० | |
| ५८ | Serum SODIUM (Na+) | १५०/०० | |
| ५९ | Serum POTASSIUM (k+) | १५०/०० | |
| ६० | LIPID PROFILE | ७००/०० | |
| ६१ | HBSAG | २००/०० | |
| ६२ | ANTI-HCV | ३००/०० | |
| ६३ | Helicobacter PYLORI ANTIBODY/ANTIGEN | ४००/०० | |

| | | | |
|---|---|---|---|
| ६४ | WIDAL TEST | १५०/०० | |
| ६५ | RA FACTOR | १५०/०० | |
| ६६ | CRP | १५०/०० | |
| ६७ | ASO TITER | १५०/०० | |
| ६८ | UPT | १००/०० | |
| ६९ | Stool Occult Blood Test | १५०/०० | |
| ७० | URINE ACETONE | ५०/०० | |
| ७१ | SYPHILIS/VDRL | १५०/०० | |
| ७२ | TOTAL PROTEIN | १५०/०० | |
| ७३ | ALBUMIN | १५०/०० | |
| ७४ | Liver Function Test | ७००/०० | |
| ७५ | TROPONIN-1 | १५०/०० | |
| ७६ | ANC PACKAGE (With Video X-Ray) | ८००/०० | |
| ७७ | TRIGLYCERIDE | ३००/०० | |
| ७८ | DENGUE Kit Test | ५००/०० | |
| ७९ | KOH FUNGAL Test | २००/०० | |
| ८० | SCRUB TYPUS TEST | ४००/०० | |
| ८१ | TYPHOID DOT | २००/०० | |
| ८२ | TFT Test | ८०० | |

## अनुसूची -१५

## दण्ड, जरिवाना तथा सजाय

| क्र.सं. | विवरण | दण्ड, जरिवाना तथा सजाय रु. | कैफियत |
|---|---|---|---|
| १ | तोकिएका कर दस्तुर सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा | व्यवसाय नविकरण असोज महिना पश्चात आएकोमा १० प्रतिशत जरिवाना लाग्नेछ । आर्थिक वर्षको समाप्ति पश्चात नविकरण गर्न आएमा ५० प्रतिशत जरिवाना थप हुदैं जानेछ ।<br>भूमी कर र घरधुरी कर (अभिलेखिकरण) को हकमा आर्थिक वर्ष समाप्त भए पश्चात आएमा पहिलो पटक लाई १० प्रतिशत जरिवाना र तत्त पश्चात ५० प्रतिशत थप जरिवाना लाग्नेछ । | |
| २ | अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा | रु. २०००/०० | |
| ३ | गाउँपालिकाको निर्णय बमोजिम कार्यान्वयनमा गएका विकास निर्माणका काममा वाधा विरोध गर्नेलाई | पहिलो पटकका लागि रु.१०००/०० र त्यसपछि पटकै पिच्छे रु.१५००/०० का दरले दण्ड जरिवाना लिइनेछ । | |
| ४ | निषेधित स्थानमा फोहोर विसर्जन गर्नेलाई | पहिलो पटकलाई रु.५००/०० र त्यसपछि पटकै पिच्छेलाई रु.१०००/०० लिइनेछ । | |
| ५ | जथाभावी चौपाया छाड्ने व्यक्तिलाई | प्रति चौपाया रु.१००/०० लिइनेछ । | |
| ६ | अर्कालाई अप्ठ्यारो पार्ने नियतले रुख पर्खाल लगाउने र घर टहरा बनाउनेलाई | गाउँपालिकाले त्यस्तो रुख पर्खाल र घरटहरा हटाउन लगाउनेछ र हटाउन नमान्नेलाई रु. १०००/०० जरिवाना लिइ त्यस्तो कार्य स्थानीय प्रशासनको सहयोगमा हटाउनेछ र हटाउँदा लाग्ने सम्पूर्ण खर्च सोही व्यक्तिबाट असुलउपर गरिनेछ । | |
| ७ | गाउँपालिकामा दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिलाई | रु. १०००/०० | |
| ८ | अनुमती वेगर गाउँपालिका भित्र नदीजन्य सामाग्री (ढुंगा, गिटी बालुवा) उत्खनन गर्ने व्यक्तिलाई | पहिलो पटकलाई रु. १५०००/०० जरिवाना लिइनेछ । र उक्त कार्य दोहोर्याएमा पटकै पिच्छे दोब्बर जरिवाना लिइनेछ । त्यसमा प्रयोग हुने सामानहरु जफत सम्म गर्न सकिनेछ । | |
| ९ | पसलहरुमा मुल्यसुची नराख्नेलाई | रु. १०००/०० | |
| १० | मिति गुज्रिएका (Date Expire) सामान विक्री वितरण गर्ने सबै प्रकारका व्यवसायीलाई | पहिलो पटकका लागि रु. ३०००/०० जरिवाना लिइनेछ । त्यस्तो कार्य नदोहोर्याउन सचेत गराइने | |

| | | | |
|---|---|---|---|
| | | छ । उल्लिखित कार्य दोहोर्याएको पाइएमा प्रचलित कानून बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ । | |
| ११ | गाउँपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्सी आदिमा पाइने दुर्लभ असला र तीते लगायतका माछा मार्न रसायनिक विषादी वा करेण्ट वा महाजाल प्रयोग गर्ने व्यक्ति तथा समुहलाई | प्रचलित संघीय तथा प्रादेशिक कानूनमा उल्लिखित सजायका अतिरिक्त गाउँपालिकाले दश हजार रुपैंयासम्म थप जरिवाना लिन सक्नेछ । | |
| १२ | गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरेर मात्र ल्याव, क्लिनिक, औषधि पसल तथा पशु चौपायाको औषधी पसल संचालन गर्न पाइनेछ, स्वास्थ्य सम्बन्धि मापदण्ड पालना समेत नगरी यस गाउँपालिकामा दर्ता नभएका ल्याव तथा क्लिनिक संचालन गरेमा । | पहिलो पटकको लागी रु ५०००/००जरिवाना, उल्लेखित कार्य फेरी /लिइनेछ र सचेत गराइनेछ दोहोरिएमा आवश्यक नियामानूसार कारवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाइनेछ । | |
| १३ | गाउँपालिका भित्र संचालित ल्याव, क्लिनिक, औषधि पसल तथा पशु चौपायाको औषधी पसलले म्याद ग्रुजिएको औषधि जन्य साम्रगीहरु विक्रिवितरण गरेमा । | म्याद ग्रुजिएको औषधिहरुको विक्रिवितरणमा पूर्ण प्रतिवन्ध लगाइएको हुदाँ गाउँपालिकाबाट हुने अनुगमनमा यस्तो पाइएमा रु १०००/०० जरिवाना र इजाजत पत्र खारेजी साथै नियामानूसार कारवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाइनेछ । | |
| १४ | यस अनुसूचीमा उल्लेख गरिएका विषयमा तोकिएको दण्ड जरिवानाका अतिरिक्त अन्य विषयमा दण्ड जरिवाना लगाउनु पर्ने भएमा गाउँ सभा अधिवेशनबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले दण्ड जरिवाना तोक्न सक्नेछ । | | |